राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

१७ औं प्रतिदिन वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : १३८ ॥ २०८२ असार १३ गते शुक्रबार (27th June 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-


# जति पक्रियो त्यति धेरै बढ्ने के हो ? लागूऔषध

झापा(प्रस) । प्रहरी हिरासत र कारागार भरिसके । प्रहरीले लागूऔषध पक्राउ गरेको समाचार लेख्दा लेख्दा पत्रकारहरु थाकिसके । झापामा प्रहरीले प्रायः दिनहुँ लागूऔषध र त्यसमा संलग्नलाई पक्राउ गरिरहँदा समस्या



घट्नुको साटो अझ बढ्दै गएको छ । विगतको तुलनामा झापामा लागूऔषधको प्रयोग र कारोबार बढ्दै गएको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०८०-०८१ मा लागूऔषधसम्बन्धी २९७ वटा मुद्धा दर्ता भई ४६२ जना पक्राउ परेका थिए । चालु आर्थिक वर्षको ११ महिनाको अवधि जेठ मसान्तसम्म ३०७ वटा मुद्धा दर्ता भई ४७१ जना पक्राउ परेका छन् । मुद्धा दर्ता र पक्राउ संख्या मात्र बढेको छैन , बरामद लागूऔषधको परिमाण पनि बढेको छ । गत वर्ष गाँजा २८ केजी ६०२ ग्राम १०० मिलिग्राम , ब्राउनसुगर २ केजी १७४ ग्राम १९५ मिलिग्राम, कोडिन फोस्फेट ३० बोतल , ओनेरीक्स कफ सिरप १ बोतल , एस्कफ १० बोतल , नाइट्रभेट -१० ६८७ ट्याब्लेट , लाइकोरेक्स ७ बोतल , नाइट्रोसन १०५४ ट्याव्लेट ,नाइट्राजेपाम ६८ ट्याब्लेट ,क्यारोडपास ८ ट्याब्लेट , ट्रामाडोल १२५० ट्याब्लेट ,स्पास्रेस्ट १९० ट्याब्लेट , डाइजेपाम एम्पुल थान ४७ ,फेनेरगन एम्पुल थान ४६ र लेभल तथा नाम नभएको १६० एम्पुल लुपिजेसिक १७ एम्पुल, एभिल २७ एम्पुल एप्पोट एम्पुल बरामद भएको थियो । यस वर्ष ब्राउनसुगर २०९६ ग्राम ४४५ मिलिग्राम , गाँजा १६५० केजी १४९ ग्राम ६४० मिलिग्राम , चरेश १ ग्राम ५६० मिलिग्राम , ट्रामाडोल २१४५१ ट्याब्लेट , एन्टीकफ २२८६० ट्याब्लेट , टीरसन १६४ ट्याब्लेट , कोलिबन १५४ ट्याब्लेट , डिकोलिक ६७ ट्याब्लेट , स्पास्पेन १९४०३ ट्याब्लेट,लोराजेपाम ३६१ ट्याब्लेट , डिसाइक्लोमिन ८१० ट्याब्लेट ,डिकोलिक ४२० ट्याब्लेट , नाइट्राक्रस ९६ ट्याब्लेट ,पास्पेन १३० ट्याब्लेट , डाइजेपाम ९ एम्पुल , फेनारगन ९ एम्पुल र लेवल नभएको ३ एम्पुल , ट्रामोल ५० लेखिएको २ हजार क्याप्सुल , एन्टीकफ लेखिएको २ हजार ट्याव्लेट , नाइट्राजेपाम १०० ट्याव्लेट र स्कफ २ बोतल बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीको त्रिवर्षीय तथ्यांक अनुसार ब्राउनसुगर बरामद घटना बढिरहेको देखिन्छ। आर्थिक वर्ष २०७९/०८० मा एक हजार ५५८ ग्राम ४५९ मिलिग्राम, २०८०-०८१ मा दुई हजार १७४ ग्राम १९५ मिलिग्राम र चालु आर्थिक वर्षको असार ११ गतेसम्म दुई हजार ५ ग्राम १६५ मिलिग्राम ब्राउनसुगर बरामद गरिएको प्रहरी उपरीक्षक राजन लिम्बूले बताए ।

भरिया समाउँदै प्रहरी , डिलर सुरक्षित

देशकै ट्रान्जिट पोइन्ट बनेको झापामा लागूऔषध कहाँबाट भित्रिन्छ भनेर प्रहरी प्रशासनलाई पूर्णरुपमा जानकारी छ । सीमा नाकाबाट थोरै पर्तिर पानीट्यांकी , गलगलिया , दिघलबैंकजस्ता सीमावर्ती भारतीय बजारहरु नेपालमा लागूऔषध भित्र्याउने आपूर्ति केन्द्र हुन् । जुन ठाउँमा खुलेआम लागूऔषध बिक्री हुन्छ । त्यहीबाट नेपालमा लागूऔषध भित्र्याइरहँदा प्रायः गरेर भरिया मात्र पक्राउ पर्ने गरेका छन् । यदाकदा एकाध कारोबारीबाहेक भरिया मात्र पक्राउ पर्नुले प्रहरीको डिलरसम्म पहुँच पुग्न नसकेको हो कि प्रहरीले नै पक्राउ गर्न नखोजेको जस्ता सवालहरु उठ्ने गरेका छन् । ठूला कारोबारी वा डिलर पक्राउ परेको खण्डमा मात्र लागूऔषधको कारोबार न्यूनीकरण हुनसक्ने देखिएको छ । तर प्रहरीले भरियासंगै कारोबारी पनि पक्राउ गर्न सफल भएको दावी गरेको छ । केही दिनयता निजी गाडीमा लागूऔषध भित्र्याउने ६ जना कारोबारीलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक लिम्बूले बताए ।

लागूऔषधप्रति बेमतलब जनप्रतिनिधि

झापासहित सिंगो देशकै लागि लागूऔषध समस्या बनिरहँदा आपराधिक समस्या भन्दै जनप्रतिनिधिहरु पन्छिदै आएका छन् । घर-घर र टोल-टोलको सामाजिक समस्या बनिसकेको लागूऔषधप्रति तीनै तहका संघीय , प्रदेश र स्थानीय सरकार गंभीर बनेका छैनन् । विकराल समस्या बनेको झापामा स्थानीय तहहरुले नीति तथा कार्यक्रम र बजेट ल्याइरहँदा कुनै पनि पालिकाले लागूऔषध न्यूनीकरणका लागि ठोस कार्यक्रम ल्याएनन् । प्रहरी प्रशासनसंग मिलेर लागूऔषधविरुद्धको दिवस मनाउने र सचेतना फैलाउनेबाहेकका कार्यक्रम ल्याएको देखिएको छैन । अति समस्याग्रस्त बिर्तामोड नगरपालिकाले विविध शीर्षकमा प्रहरीसंग मिलेर सचेतना कार्यक्रम मात्र गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ ।

### अवैध गर्भ रहेपछि सासुले निकालिन् बुहारी

## माइतमा बुहारीको मृत्युपछि दिए उजुरी

झापा(प्रस) । झापा बिर्तामोड घर भएकी एक महिलालाई सासुले उपचार नगराई घरबाट निकाल्दा मृत्यु भएको भन्दै माइती पक्षले कार्वाहीको मागसहित उजुरी दिएका छन् ।

घरबाट निकालिएकी बितामोड नगरपालिका-३ बस्ने सुमित बि.क.की श्रीमती २४ वर्षीया सरिता बि.क.को बिहीवार माइती घर सुनसरीको रामधुनी नगरपालिका-७ कुमारखतमा मृत्यु भएको हो ।

सरितालाई उनको सासु राधिका गजमेरले तीन दिनअघि घरबाट निकाली माइत पुर्याएर आएकी थिइन् । सरिता रिङ्गटा लाग्ने ,टाउको दुख्ने बिरामी भई उपचारको लागि उनको सासु राधिकाले विर्तासिटी अस्पताल बिर्तामोडमा लगेर चेकजाँच गराउँदा अबैध सम्बन्धबाट डेढ महिनाको गर्भवती देखिएको थियो ।

त्यसपछि सासुले उनलाई घरबाट निकालेर माइत पुर्याएकी थिइन् । सरिताका श्रीमान् विगत दुई बर्षदेखि दुबईमा रहेका छन् । सरिताको मृत्युपछि माइती पक्षले अनुसन्धान र कार्वाहीको माग गर्दै उजुरी दिएको इलाका प्रहरी कार्यालय पकलीका प्रहरी निरीक्षक लेखनाथ दाहालले बताए । उनले कानुनी प्रकृया पुरा गरी मृतकको शवलाई पोस्टमार्टमको लागि बिपी कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान पठाइएको जानकारी दिएका छन् ।



सरिताको मृत्यु हुनु एक दिनअगावै माइती पक्षले बुधवार इलाका प्रहरी कार्यालय बिर्तामोडमा उजुरी दिएका थिए । माइती पक्षले बुधवार ठाडो निवेदन दिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले जानकारी दिए । मृतकको पोस्टमार्टम रिपोर्ट आएपछि कानुनी कार्वाही अघि बढाइने उनको भनाई छ ।

## पैसा नदिएपछि नातिद्वारा ७२ वर्षीया हजुरआमामाथि खुकुरी प्रहार

झापा(प्रस) । झापाको भद्रपुरमा पैसा माग्दा नदिएपछि रिसको आवेगमा नातिले ७२ वर्षीया हजुरआमामाथि खुकुरी प्रहार गरेका छन् ।



बिहीवार बिहान अन्दाजी ५ बजे भद्रपुर नगरपालिका १० स्थित सत्र बिगेमा सोही ठाउँ बस्ने २७ वर्षीय महेश सुबेदीले आफ्नै हजुरआमा ७२ वर्षीया थिनमाया सुबेदीको घरमा आई पैसा माग्दा नदिएपछि रिसको आवेगमा खुकुरी प्रहार गरी घाइते बनाएका हुन् । थिनमाया घरमा एक्लै बस्दै आएकी थिइन् ।

घाइतेलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । उनको चिउडो काटिएको छ । खुकुरी प्रहार गर्ने नाति महेश सुबेदी फरार रहेकाले खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

## गाउँसभा समापनमा दुई खेलाडीलाई सम्मान

कुमरखोद (प्रस) । झापा गाउँपालिकाको अठारौं गाउँसभा सम्पन्न भएको छ । गाउँसभा समापनमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितमा विजयी भएका दुई विद्यार्थी खेलाडीलाई नगदसहित सम्मान गरिएको छ ।



सम्मानित हुनेमा झापा गाउँपालिका वडा नं ४ मा रहेको डिल्लीराज माध्यमिक विद्यालयका विद्यार्थी महमद शेख र वडा नं ६ मा रहेको जनता माध्यमिक विद्यालयका विद्यार्थी करिमुदिन मियाँ रहेका छन् । शेखले १५ औं राष्ट्रपति रनिङ शिल्ड


❖ बाँकी तेस्रो पृष्ठमा


# लागूऔषध न्यूनीकरण: केवल नारामा सीमित



• इन्द्रप्रसाद ओली

लागूऔषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको अन्तर्राष्ट्रिय दिवसको हार्दिक शुभकामना । लागूपदार्थको हवबाट नेपाल मुक्त हुनै पर्छ ।नेपाल ट्रान्जिट प्वाइन्टको ट्रयाङ्गल र गोल्डेन क्रिसेन्टमा उत्पादित हिरोइन पाकिस्तानबाट काठमाण्डौ, काठमाण्डौबाट हवाई तथा स्थलमार्ग भई बैङ्कक तथा दिल्लीतर्फ लैजाने र भारतबाट आयातित र स्थानीय उत्पादनको चरेश काठमाण्डौबाट विदेशतर्फ लैजाने कार्य भैरहेको समाचार छ्याप्छाप्ती आउने गरेको पाइन्छ । यदाकदा पक्राउ पर्नेहरु सामानका वास्तविक मालिक नभई भरिया मात्र रहने गरेका हेडलाइन समाचारहरु त अब नौला विषय भएनन् ।




नेपालमा लागूऔषध प्रयोगकर्ता बढ्नु तुलनात्मक हिसाबले हेर्दा अन्य प्रकृतिका मुद्दाभन्दा लागूऔषधका केशहरु बढ्नु , बन्दीगृहमा ( कारागारमा ) २१ प्रतिशतभन्दा बढी लागूऔषध सम्बन्धी मुद्दामा बन्दी जीवन बिताइरहनु, अधिराज्यमा चार सयभन्दा बढी लागूऔषध प्रयोगकर्ताहरुलाई उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन हुनु,दैनिकजसो पक्राउ हुनु , महिला हिंसा ,घरेलु हिंसा , सवारी दुर्घटना , लुटपाट चोरी जस्ता घटनाहरु ६० प्रतिशतभन्दा बढी लागूऔषध दुर्व्यसनसँग जोडिनु यसका ज्वलन्त उदाहरण हुन् । बेला-बेलामा प्रहरीको सक्रियतामा सेतो हेरोइन, खैरो हेरोइन( व्हाइट सुगर , ब्राउन सुगर ) चरेश पक्राउ पर्न थालेपछि स्थानीय लागूऔषध प्रयोगकर्ताहरुको आवश्यकता पूर्ति गर्न हेरोइनको विकल्पको रुपमा ब्युनोनरफिन इन्जेक्सन प्रयोग गर्ने कार्यमा तिब्रता हुने गर्दछ । कानुनले डाक्टरको पुर्जी बिना खरिद गर्न , सेवन गर्न प्रतिबन्धित गरेका औषधिजन्य वस्तुहरुको दुरुपयोग हुने गरेको पाइन्छ , जुन औषधिहरु औषधि व्यवस्था ऐन २०३५ ले यसको नियमन, नियन्त्रण गर्न व्यवस्था गरेको छ, तर यी प्रतिवन्धित औषधिहरु दुरुपयोग भई लागूऔषधको रुपमा लिने गरेका प्रशस्त घटना छन् ।

नेपाल लागूऔषध दुर्व्यसनको हव बन्दै गएको छ ।यसलाई समय छँदै रोक्ने प्रयास कठोर निणय, तथा लागूऔषध दुर्व्यसन नियन्त्रण र न्यूनीकरणका लागि प्रयास गरिएका ऐन ,नियम , कानुन, निर्देशन , परिपत्रलाई तल्लो तहमै व्यवहारिक रुपमै कार्यान्वियन नगराउने हो भने भावी एउटा पिढी नै ठूलो जोखिममा पर्ने देखिन्छ । लागूऔषधको कानुनलाई अध्ययन ,मनन गर्ने हो भने दण्डनीय हिसावमा अन्य केशका कसूरदारभन्दा बढी दण्ड सजाय समेत लागूऔषधसम्बन्धी छन् । तर यी ऐन ,कानुन , निर्देशन, परिपत्रलाई कार्यान्वयनमा ल्याउन पारदर्शी र व्यवहारमा


❖ बाँकी तेस्रो पृष्ठमा





# मेचीनगरमा सीप विकास केन्द्र सञ्चालनमा

• लक्ष्मी उप्रेती

मेचीनगर । झापाको मेचीनगर नगरपालिकाभित्र रहेका महिलाहरूलाई विभिन्न सीपमुलक तालिम दिएर आत्मनिर्भर बनाउन 'महिला सीप विकास केन्द्र' बिहीवारबाट पूर्णरुपमा सञ्चालनमा आएको छ । सीप विकास केन्द्र सञ्चालनमा आएपछि स्थानीय महिला खुशी भएका छन् । मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले एक कार्यक्रमको बिच उक्त केन्द्रको उद्घाटन गरेका थिए ।

उद्घाटन समारोहमा बोल्दैं नगरप्रमुख बुढाथोकीले तालिममा सिकेको सीपलाई व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिएका छन् । सरकारी र निजीस्तरबाट थुप्रै जीवन उपयोगी तालिम सञ्चालन हुने गरेको बताउँदै नगरप्रमुख बुढाथोकीले तर त्यसको उपलब्धि भने एकदमै न्यून हुने गरेको जिकिर गरे । नगरप्रमुख बुढाथोकीले जीवन उपयोगी तालिमले स्वरोजगार बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए ।

मेचीनगर नगरपालिकासहित सबै स्थानीय तह र अन्य संघ संस्थाले विभिन्न तालिम दिने गरेको भन्दैं नगरप्रमुख बुढाथोकीले हरेक व्यक्तिले तालिम लिइसकेको भएपनि तालिम लिइसकेपछिको उपलब्धि भने एकदमै कम हुने गरेको बताए । सीप सिक्दा जीवनमा कुनै न कुनै दिन काम लाग्ने उनको भनाइ थियो । उनले नगरपालिकाले पनि जीवन उपयोगी विभिन्न तालिम दिने गरेको जानकारी दिए ।

महिलालाई समग्र रूपमा आत्मनिर्भर बनाउन जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि, सीपमूलक तालिम लगायत आय आर्जनसम्बन्धी कार्यक्रमलाई प्राथमिकतामा राखेको नगरपालिकाले जनाएको छ । सीप सिकेपछि उनीहरूलाई व्यवसाय सञ्चालन गर्न नगरपालिकाले प्रेरित गर्ने र लामो अवधिको तालिम दिएपछि अनुदान उपलब्ध गराएर प्रत्यक्ष रूपमा आय–आर्जन हुने व्यवसाय सञ्चालन गराउने र त्यसमा अन्य महिलाहरूलाई रोजगारी उपलब्ध गराउने योजना रहेको नगरपालिकाले जनाएको छ ।




महिलाहरुले अब बेरोजगार र सीपविहीन हुनु नपर्ने, सीप सिकेर उत्पादन गरेका सामग्रीको नगर आफैंले बजारीकरण पनि गर्ने नगरप्रमुख बुढाथोकीको भनाई छ ।

कार्यक्रमको अध्यक्षता गर्दैं मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखेल उप्रेतीले जीवनमा केन्द्र उद्घाटन गरेको आजको दिनजति खुशी यस अघि कहिल्यै पनि नभएको प्रतिक्रिया दिइन् । आफूले झण्डै ५/७ वर्षअघि देखेको सपना आज साकार भएको भन्दैं खुशी व्यक्त गरिन् । यस कार्यमा प्रत्यक्ष परोक्षरुपमा साथ सहयोग र समन्वय गर्ने सवैप्रति उपप्रमुख उप्रेतीले हार्दिक आभारसहित धन्यवाद ज्ञापन गरिन् । अब यस केन्द्रबाट महिला लक्षित विभिन्न तालिमहरु सञ्चालन हुने र यस्ता तालिमले महिलालाई स्वरोजगार प्रदान गरेर आत्मनिर्भर बन्ने अवसर मिल्न विश्वास व्यक्त गरिन् ।

तालिममा सिकेको सीपलाई व्यवहारमा कार्यान्वयन गरे हरेक मानिस आत्मनिर्भर बन्ने दाबी गर्दैं उपप्रमुख उप्रेतीले तालिममा बस्ने केही कुरा सिक्ने अनि प्रमाणपत्र पनि लिने तर, तालिम समापनपछि प्रमाणपत्र सिरानीमा राखेर बस्ने हो भने तालिम लिनुको कुनै अर्थ नहुने बताइन् । हातमा सीप र प्रविधि खेलाउन सकेमात्र हरेक मानिस स्वरोजगार बन्ने उद्यम सिर्जना हुने उनको तर्क छ । आफ्नो सीप कसैले पनि लैजान नसक्ने भएकाले सीप सिकेर हरेक महिला आत्मनिर्भर बन्नुपर्ने उनको भनाई थियो ।

मेचीनगर नगरपालिकाका महिलाहरुलाई सीप सिकाएर स्वरोजगार बनाउने उद्देश्यले तीन करोड ५० लाखको लागतमा महिला सीप विकास केन्द्रको निर्माण शुरु गरिएको थियो । २०७४ सालको पहिलो स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुले मेचीनगर नगरपालिका-८ मा विपन्न, लोपोन्मूख, उत्पीडित र ग्रामीण क्षेत्रका महिलाहरुलाई लक्षित गरेर महिला सीप विकास केन्द्रको स्थापना गरेको मेचीनगर नगरपालिकाकी उपप्रमुख मिना उप्रेतीले बताइन् ।

नगर गौरवको योजनाअन्तर्गत स्थापना गरिएको केन्द्र स्थानीय सरकारको तर्फबाट सुरुवात गरिएको भए तापनि यसलाई अझ प्रभावकारी बनाएर लैजान प्रदेश र संघीय सरकारको पनि साथ र सहयोग लिने उपप्रमुख उप्रेतीले बताइन् । उद्घाटन समारोहमा मेचीनगर नगरपालिका वडा नम्बर–८ का वडाध्यक्ष गिरीराज धमलालगायतले बोलेका थिए ।

केन्द्र उद्घाटनकै अवसरमा महिला सिप विकास केन्द्रमार्फत ढाका बुनाई तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रमको समेत उद्घाटन भएको छ । नगरपालिकाको महिला तथा बालबालिका शाखाले तालिम आयोजना गरेको हो । नगरपालिकाका प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख अनन्तप्रकाश वस्तीले स्वागत गरेको कार्यक्रमको सञ्चालन महिला तथा बालबालिका शाखा प्रमुख जयन्ती खरेलले गरेकी थिइन् ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः श्री भिमकुमारी पौडेल/ सरस्वती दाहालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री सिता राया ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९ ०१५९ | २१७ | ३३८.६३ | २०८२/ ०२ /२५ | २०८२/ ०२ /२५ | २०८२/ ०३/१२ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री सुरेस मानन्धर, उत्तरः श्री सुकबहादुर राईको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री हरि कुमार उप्रेती ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९-०१२०-०१ | १३९ १४१ | १७७.७६ | २०८१/ १० /१२ | २०८१/ १०/०२ | २०८२/ ०३/११ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार उत्तरः श्री भुपेन्द्र हेङ्गमाङ्गको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री गिता कुवर ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९१ २० | ६०७ | ८४.६५ | २०८२/ ०२ /१९ | २०८२/ ०२ /१९ | २०८२/ ०३/१० |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार उत्तरः श्री अर्जुन गिरीको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री रन्जु कुमारी शाहले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | ०-० | १४३२४ | ११८.५२ | २०८१/ ११ /०१ | २०८२/ ०१/१२ | २०८२/ ०३/०१ |

**बिर्तामोड नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

## सेवा प्रवाह बन्द हुने बारेको सूचना

[illegible]


### गाउँसभा...

खेलकुद प्रतियोगिताको कोशी प्रदेश स्तरीय ४ सय मिटर रिले दौडमा प्रथम स्थान हासिल गरी राष्ट्रिय स्तरको प्रतिस्पर्धामा छनौट भएका थिए । उनलाई नगद १० हजारसहित सम्मान गरिएको हो ।

त्यसैगरी मियाँले १५ औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा झापा जिल्ला स्तरीय ३ हजार मिटर दौडमा तृतीय र १५ सय मिटर दौडमा प्रथम स्थानसहित कोशी प्रदेश स्तरीय प्रतिस्पर्धामा छनौट भएका थिए । उनलाई नगद ५ हजारसहित सम्मान गरिएको हो ।

झापा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाको अध्यक्षतामा भएको समापन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलिया , लेखा अकिधृत तथा सूचना अधिकारी लक्ष्मी खतिवडा , स्वास्थ्य शाखा प्रमुख प्रेम न्यौपाने , वडा अध्यक्षहरु वडा १ का राजकुमार यादव , वडा २ का हिमालकुमार चम्लागाई , वडा ३ का सुभाषलाल गणेश, वडा ४ मोहमद ताहिर , वडा ५ का कृष्णप्रसाद राजवंशी , वडा ६ का नविनकिशोर थापा , वडा ७ का सखिचन्द्र ठाकुर , कार्यपालिका सदस्यहरु , परिषद सदस्य तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।


## यस बैंकको ऋणीले धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम सकार गर्दा समेत असुली पर्याप्त नभई बाँकी रहेको बैंकको लेना रकम भुक्तानीको लागि जमानतदाताको नाममा जारी गरिएको

## ९० दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०३/१३

यस बैंकको तपसिल बमोजिमको कर्जा/सुविधा लिने ऋणीले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तारताकेता गर्दा समेत कर्जा चुक्ता नभएकाले यस बैंकले विभिन्न मितिमा सूचना प्रकाशित गरि ऋणी/धितोजमानतकर्ताहरुले यस बैंकको नाममा लेखीलेखाई दिएको धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री/धितो सकार गर्दा समेत कर्जा असुली पर्याप्त नभएकाले यो सूचना प्रकाशित भएको **९० दिन**भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा सम्पर्क गरि असुली हुन बाँकी रहेको रकम चुक्ता भुक्तान गर्नु हुन जानकारी गराउँदछौं । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि व्यक्तिगत जमानीकर्ताहरु लगायत ऋण/कर्जासँग सम्बद्ध पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई बैंकको लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाई ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्न सकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी विवरण** : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०६९/१२/१५ मा दर्ता.नं. १११०४२/०६९/०७० अर्न्तगत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, भद्रपूर न.पा., वडा नं. १ हिमाली टोल भई हाल सोही स्थान स्थित **किंग्स डिष्टिलरी प्रा.लि.** ।

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम, थर तथा तीन पुस्ते विवरण**

| | |
|---|---|
| १. **नाम : किरण भारती**<br>बाबु : ध्रुव प्रसाद भारती<br>बाजे : तेज प्रसाद भारती<br>ना.प्र.नं : १८६४/२१४८, (जारी मिति : २०३९/०५/२४, काठमाडौं)<br>ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. ४ संगम चोक । | ४. **नाम : शोभा साह**<br>बाबु : गोपाल प्रसाद साह<br>पति : गंगाचरण साह तेली<br>ना.प्र.नं : ८९९५, (जारी मिति : २०७२/०२/१६, सुनसरी)<br>ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा, वडा नं ८ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा., वडा नं.६ ईटहरी चोक । |
| २. **नाम : गंगाचरण साह तेली**<br>बाबु : शिव वचन साह तेली<br>बाजे : सहदेव साह<br>ना.प्र.नं : २०९८/११९, (जारी मिति : २०४६/०३/१९, सुनसरी)<br>ठेगाना : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा, वडा नं ८, स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा., वडा नं. ६ ईटहरी चोक । | ५.**नाम : कमल थापा क्षेत्री**<br>बाबु : हर्क बहादुर थापा<br>बाजे : छविलाल थापा<br>ना.प्र.नं : ९९०१३७७६, (जारी मिति : २०३६/१०/२२, झापा)<br>ठेगाना : झापा जिल्ला, पृथ्वीनगर गा.वि.स., वडा नं ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचिनगर न.पा., वडा नं १० बस्ने । |
| ३. **नाम : उमा भारती**<br>बाबु : सनत कुमार गिरी<br>पति : किरण भारती<br>ना.प्र.नं : १६६२/०५१/५२, (जारी मिति : २०५१/०५/१७, काठमाडौं)<br>ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं ५ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. ४ संगम चोक । | ६. **नाम : तेज कूमारी बस्नेत**<br>बाबु : छत्र बहादुर बस्नेत<br>पति : कमल थापा क्षेत्री<br>ना.प्र.नं : ६४३८४६३२, (जारी मिति : २०३६/०७/१५, झापा)<br>ठेगाना : झापा जिल्ला, काकडभिट्टा गा.वि.स, वडा नं.८ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचीनगर न.पा., वडा नं १० बस्ने । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

केन्द्रीय कार्यालय,
कर्जा असुली विभाग



## प्लाष्टिक प्रयोगमा कटौती गरौं

प्लास्टिक प्रयोगले:

- माटोको उर्वरा शक्ति घटाउँछ,
- पानी प्रदुषण हुन्छ,
- पशुले प्लास्टिक खाएमा मृत्यु हुन्छ,
- मानव स्वास्थ्यमा हानी पुऱ्याउँछ,
- प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,

त्यसैले,

- प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
- प्लास्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
- प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,

"प्लाष्टिकमुक्त" अभियानमा सहभागी बनौं,
"वातावरणको संरक्षण गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# बुझिनसक्नु छ

रौतहटमा बम विस्फोट भएन, त्रिलोक–ओसी मारिएनन्। सत्तारुढ नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद अफताब आलमलगायतलाई सफाइ दिने भर्खरैको आदेशले सिनेमाजस्तो कथा दोहोर्‍याएको छ। रौतहटको राजा इँटाभट्टामा विस्फोटनको कुनै घटना नभएको ठहरसहित त्रिलोकप्रताप सिंह र ओसी अख्तरलाई अज्ञात देखाउँदै मारिएको भन्न नमिल्ने व्याख्या गरिएको छ।
२०६४ चैत २७ गते साँझ ६ बजे राजा इँटाभट्टामा बम विस्फोट भएको थियो। संविधानसभा निर्वाचनलाई प्रभावित गर्ने गरी आलमले बमबारुदको तयारी गरेका थिए। त्यसैक्रममा परी २४ वर्षीय पिन्टु भनिने त्रिलोकप्रताप सिंह र २२ वर्षीय ओसी अख्तर घाइते भएका थिए। प्रत्यक्षदर्शीले तिनीहरूलाई घाइते मात्र भएको देखे पनि घटना लुकाउन इँटाभट्टामा हालेर जलाइएको दाबी परिवार र साक्षीले गरेका थिए।
रौतहट जिल्ला अदालतका न्यायाधीश खुसीप्रसाद थारु र अर्जुन महर्जनको संयुक्त इजलासले गत जेठ १४ मा गरेको फैसलामा साक्षीको भनाइलाई प्रमाणको रूपमा लिन नसकिने ठहर गरिएको छ। यस्तो किसिमको घटना नै नभएको भन्ने आधार लिएर फैसलामार्फत् आलम थुनामुक्त भइसकेका छन्। त्यसो त, उनलाई थुनामुक्त गर्ने कांग्रेस सभापति शेरबहादुर देउवाले सार्वजनिकरूपमा घोषणा नै गरेका थिए। २०७७ फागुन १९ मा गढीमाई नगरपालिका–६ धरमपुर, सिंगारवनमा विष्णु पुराण महायज्ञको शुभारम्भ गर्दै देउवाले आलमलाई झुठो मुद्दामा फसाइएको दाबी गर्दै भनेका थिए, 'अफताब जेलमा हुनुहुन्छ, उहाँलाई छुटाउन म आफ्नो तर्फबाट लागिरहन्छु।'

आलमलाई सफाइको आदेश दिने दुई न्यायाधीश थारु र महर्जनलाई सर्वोच्च अदालतमा हाजिर गराइएको छ। यससँगै कानुनमन्त्री अजयकुमार चौरसियाले आलमलाई सफाइका दिलाउन न्यायाधीशहरूलाई दबाब दिएको भनी न्यायपरिषद्मा उजुरीसमेत परिसकेको छ। मन्त्री चौरसियाले यसबीच विभिन्न न्यायाधीशलाई मुद्दामा प्रभाव पार्ने गरी टेलिफोनबाट हस्तक्षेप गर्ने गरेका घटनासमेत सार्वजनिक भइसकेका छन्। पछिल्ला दिनमा न्यायाधीशहरूले आपत्ति जनाउन थालेपछि र अन्यत्रबाट विरोधसमेत हुन थालेपछि तरिकामा परिवर्तन गरिएको र दबाब यथावत् राखिएको गुनासो पनि सुनिएकै छ।

सामान्यतः यस्ता मुद्दा सरकारवादी हुन्छ। सरकारको निकटका व्यक्तिलाई सहज तुल्याउनुपर्‍यो भने मुद्दालाई कमजोर बनाउने गरी अगाडि बढाइन्छ। जसका कोही छैनन्, तिनले मात्र हदैसम्मको सजाय भोग्न तयार हुनुपर्छ। इँटाभट्टामा जिउँदै मानिस जलाएको जस्तो गम्भीर घटनामा समेत शीर्ष नेताले पक्षपोषण गर्ने र कालान्तरमा परिणाम अपेक्षाअनुरूप नै आउँदा स्वाभाविकरूपमा चिन्ता र चासो हुन्छ। शक्तिशालीमाथि मुद्दा चले पनि त्यसलाई कमजोर बनाएर सजाय कम गराउने वा मुक्त गर्ने प्रवृत्ति अगाडि बढ्दा स्वाभाविकरूपमा न्यायालयप्रतिको जनआस्था कमजोर हुन जान्छ। अहिले सर्वोच्च अदालतले यसमा छानबिन अगाडि बढाएका कारण आशा जाग्नु स्वाभाविक हो। कतिपय मुद्दामा त जानाजान ढिला गरेर सार्वजनिक विस्मृतिको फाइदा उठाउने गरेको समेत देखिएको छ।






# दुर्व्यसनले समाजमा पार्ने प्रभाव



• गोविन्द मरासिनी

देश निर्माणमा युवापुस्ताको महत्वपूर्ण भूमिका रहने गर्दछ तर यिनै युवाले गलत बाटो रोजे भने के होला ? युवाले गलत बाटो रोजे भने युवाको भविष्य मात्र नभई, राज्यलाई नै गम्भीर असर पर्छ । केही युवाले छोटो समयमै सफलता चुमेका उदाहरण समाजमा नभएका होइनन् तर धेरै जसो युवापुस्ता भने लागुऔषधको दुर्व्यसनीमा फसेर आफ्नो जीवन बर्बादीमा पारेका छन् ।
अहिले युवा दुर्व्यसनीले विश्वलाई नै आक्रान्त बनाउँदै लगेको छ । विकसित र विकासोन्मुख देशमा समेत यो समस्या बनिरहेका बेला नेपाल पनि यो समस्याबाट अछुतो छैन् । लागुऔषध भन्नाले विभिन्न रसायनबाट बनेको औषधी भनेर बुझ्न सकिन्छ । सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागुपदार्थ भन्ने गरिन्छ । यस्ता पदार्थले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाइमा परिवर्तन ल्याउने कार्य गर्छ । लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा ३ ले गाँजा, औषधोपयोगी गाँजा, अफिम, तैयारीको अफिम, औषधोपयोगी अफिम कोकाको झारपात र अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवणसमेत मिलाई तयार गरिने कुनै पदार्थ भनी उल्लेख गरेको छ । नेपालमा लागुपदार्थ प्रयोगको सुरुवात ६० दशकको अन्त्य र ७० दशकको सुरुदेखि भएको पाइन्छ । नेपाली भूमिका प्रवेश गरेका विदेशी नागरिकहरूको नक्कल गर्ने परम्पराबाट सुरु भएको लागुपदार्थ प्रयोगको सुरुवात भएको इतिहास पाइन्छ । नेपाली युवा विदेशी पर्यटकको व्यवहारदेखि नजिक रहन थाले र उनीहरूको व्यवहारको सिको गर्न थाले, जसका कारण उनीहरूमा लागुपदार्थ दुर्व्यसनीको लत बढ्नै गएको पाइन्छ ।
संयुक्त राष्ट्रसंघको लागुऔषध तथा अपराध हेर्ने कार्यालय युएनओडिसीको सन् २०२३ को रिपोर्ट अनुसार अफ्रिकामा मात्र लागुपदार्थको प्रयोगबाट उपचाररत रहेका ७० प्रतिशत व्यक्ति ३५ वर्षभन्दा कम उमेरका रहेका छन् । रिपोर्ट अनुसार विश्वमा २ ९ करोड छ लाख लागुऔषध प्रयोगकर्ता रहेका छन् । युएनओडिसीको सन् २०११ को रिपोर्ट अनुसार विश्वमा लागुऔषध प्रयोगकर्ताको सङ्ख्या २४ करोड थियो । पछिल्लो ११ वर्षमा विश्वमा पाँच करोड छ लाख लागुऔषध प्रयोगकर्ता वृद्धि भएको विभिन्न तथ्याङ्कले देखाएका छन् । नेपालमा लागुऔषध प्रयोगकर्तासम्बन्धी सर्वेक्षण, २०७६ को तथ्याङ्क अनुसार नेपालमा एक लाख ३० हजार ४२४ जना लागुऔषध प्रयोगकर्ता रहेको पाइन्छ । त्यसअघि २०६९ मा प्रयोगकर्ताको सङ्ख्या एक लाख २१ हजार ६९२ रहेको थियो भने २०६३ मा भएको सर्वेक्षणमा जम्मा ४६ हजार ३०९ जना मात्र प्रयोगकर्ता रहेका थिए । सर्वेक्षण प्रतिवेदन अनुसार लागुऔषध प्रयोगकर्ताको वार्षिक वृद्धिदर ५.६ प्रतिशत रहेको देखिन्छ । २०७६ यता प्रयोगकर्ताका बारेमा सर्वेक्षण भएको पाइँदैन ।

लागुऔषधको प्रयोगमा सबैभन्दा बढी जोखिममा युवापुस्ता रहेको विभिन्न तथ्याङ्कले देखाएका छन् । लागुऔषधको प्रयोगकर्ता बढ्नुले अपराधको दर बढ्दै जानु, लागुऔषधको अवैध कारोबार बढ्नु चिन्ताजनक स्थिति रहेको गृह मन्त्रालयले बताउँदै आएको छ । लागुऔषध सेवनकर्ता २० देखि २९ वर्ष उमेर समूहको सङ्ख्या सबैभन्दा बढी प्रभावित भएको मन्त्रालयको तथ्याङ्कमा भेटिन्छन् । राष्ट्रको भविष्यसँग जोडिएका युवापुस्ता नै कुलतमा फसेपछि देशको आर्थिक, सामाजिक संरचनामा नकारात्मक असर गर्ने हुँदा युवा दुर्व्यसनी हरेक देशका लागि चिन्ताको विषय बनेको छ । लागुऔषध दुर्व्यसनीका मुद्दामा पक्राउ पर्नेहरूको सङ्ख्या पनि प्रत्येक वर्ष बढिरहेको पाइन्छ ।

युवा विभिन्न कारणले दुर्व्यसनीको सिकार बन्ने गरेका छन् । नेपाली समाजमा युवा दुर्व्यसनीको सिकार हुनुमा विविध पारिवारिक समस्या, बेरोजगारीको समस्या, सामाजिक, सांस्कृतिक र धार्मिक, साथी सङ्गत र मनोरञ्जन प्रदान गर्ने नाममा दुर्व्यसनीको सिकार बन्ने गरेको पाइन्छ । यस्तै काम विशेषमा उत्सुकता भएर, दुःखी भएको समयमा खुसी हुन, विभिन्न मानसिक समस्याबाट मुक्ति पाउन, अध्ययनमा सफलता नमिलेमा, घरेलु हिंसा तथा दुर्व्यवहारको कारण, डिप्रेसन र यौन शक्ति वृद्धि गर्नका लागि पनि युवा दुर्व्यसनीको लतमा फस्ने गरेका छन् ।

राष्ट्रलाई समृद्ध र विकासको बाटोमा लैजानको लागि त्यो देशका युवाशक्ति शारीरिक र मानसिक रूपमा स्वस्थ, बलिया र क्षमतावान् हुनु अति आवश्यक छ । तर हाम्रो जस्तो विकासोन्मुख देशका युवा पङ्क्ति नै लागुपदार्थ दुर्व्यसनीमा लागेर कमजोर हुँदै जानु अवश्य पनि चिन्ताको विषय हो । दुर्व्यसनीले स्वास्थ्यमा असर पर्दै जाने र विभिन्न खाले रोग (जस्तै हेपाटाइटिस बी र सी, एचआइभी र एड्स, टिबी आदि) सङ्क्रमणको जोखिम बढ्छ । अर्कोतर्फ दुर्व्यसनीमा फसेका युवा परिवारबाट टाढा बस्न रुचाउने, एक्लै बस्ने, झोक्किने र आर्थिक हिसाबले पनि परिवारमा गम्भीर सङ्कट उत्पन्न गराउँछ । लागुपदार्थ दुर्व्यसनीले व्यक्तिको प्रतिरक्षा प्रणाली क्षतिग्रस्त गर्नुका साथसाथै उसमा पेटको समस्या निम्त्याउने, कलेजोमा अवरोध हुने, हृदयघात हुने र मस्तिष्कमा असर पुर्‍याउने जस्ता जटिल समस्या उत्पन्न गराउँछ । यसले समाजबाट तिरस्कृत हुने, झैझगडा परी कानुनी कारबाहीमा पर्ने, युवाको अध्ययनमा प्रभावित गर्ने, कार्यक्षमतामा असर पर्नुका साथसाथै दुर्व्यसनीले कुनै पनि व्यक्तिको आर्थिक स्थितिमा समेत नकारात्मक असर पारेको हुन्छ । हरेक हिसाबले सिर्जनात्मक कार्यमा डटेर लाग्नुपर्ने युवापुस्ता नै दुर्व्यसनीको लतमा परेपछि सिङ्गो देशलाई नै असर पर्न जान्छ । दुर्व्यसनीमा फसेपछि लत छुटाउनै गाह्रो हुने चोरी, डकैती र अपराधका घटनासमेत बढ्ने र दुर्व्यसनीमा फसिसकेकालाई रोकथामका लागि लाग्ने खर्चले समेत परिवारलाई थप तनाव उत्पन्न गराउने गर्दछ ।
लागुऔषध नियन्त्रण ऐन अन्तर्गत निषेध गरिएका कार्य गर्नेलाई अपराधको मात्रा र कसुर अनुसार कम्तीमा दुई हजारदेखि बढीमा २५ लाखसम्म जरिबाना र एक महिनादेखि १५ वर्षसम्म कैदको सजाय तोकिएको छ । यस्तै दुर्व्यसन गर्ने व्यक्तिलाई चिकित्सा केन्द्रमा तीन महिनासम्म उपचार गराउने गरी कुनै व्यक्ति वा संस्थाले कागज गरी जिम्मा लिएमा त्यस्तो चिकित्सा केन्द्रबाट उपचार गराई राखेको जानकारी १५/१५ दिनमा पेस गर्ने गरी मुद्दा हेर्ने व्यक्तिले त्यस्तो व्यक्तिलाई सजाय नगर्न सक्ने छ । यसै गरी ऐनको विभिन्न दफामा सम्पत्ति जफत हुने, बारम्बार अपराध गर्नेलाई थप सजाय, मतियार हुनेलाई सजाय, सम्पत्ति जफत हुने, सजाय छुट हुनेलगायतको समेत व्यवस्था गरिएको छ ।

नेपालमा अहिले पनि विद्यमान रहेको लागुऔषध (नियन्त्रण) ऐन, २०३३ लाई आधार मानेर संशोधन हुँदै आएको छ । यस ऐनमा लागुऔषधका बारेमा सम्पूर्ण व्याख्या, विश्लेषणसहित सजाय उल्लेख गरिएको छ । यसबाहेक लागुऔषध नियन्त्रणका लागि समय-समयमा विभिन्न नीति, रणनीति, निर्देशिका कार्यान्वयनमा ल्याइने गरिएको पाइन्छ । राज्यका तर्फबाट लागुऔषध नियन्त्रण तथा रोकथामका लागि प्रयास नभएका भने होइनन् तर देश सङ्घीयतामा गइसकेपछि तीन तहको सरकारको समन्वयको अभावमा पनि कतिपय कार्य अधुरै रहेका छन् । कतिपय नीति तथा निर्देशन बने पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन नसक्दा लागुऔषधमा युवापुस्ताको जोखिम बढ्दै गएको पाइन्छ ।

नेपालमा लागुऔषध दुर्व्यसनीको लतमा न्यूनीकरण र रोकथामका लागि सरकारका तिनै तहका सरकार समन्वयात्मक भूमिकाबाट जनचेतना फैलाउनुपर्ने देखिन्छ । यस्तै परिवारले आफ्ना सन्तानको हेरचाहमा चनाखो हुने र उनीहरूको क्रियाकलापलाई दृष्टिगत गरी आवश्यक राय, सल्लाह दिनुका साथै विद्यालय तहका पाठ्यक्रम र सचेतनामूलक गतिविधि सञ्चालन गर्नुपर्ने अपरिहार्य छ । लागुपदार्थ दुरुपयोगको हानिकारक प्रभावको बारेमा जागरुकता पैदा गर्ने प्रयास, लागुऔषधमा निर्भर व्यक्तिलाई सामाजिक तथा आर्थिक एकीकरण गर्न सिपमूलक र व्यावसायिक तालिम प्रदान गर्ने र दुर्व्यसनीमा फसेका युवालाई लागुऔषध मुक्त, अपराध मुक्त तथा रोजगारयुक्त बनाउने नीति ल्याएर समाजप्रति उत्तरदायी बनाउन सकेमा युवालाई दुर्व्यसनीको लतबाट निकाल्न सकिन्छ । नेपाल सरकारका सुरक्षा निकाय र सम्बन्धित निकायले यसतर्फ ध्यान दिनुपर्ने हुन्छ । सीमानाकामा चेकजाँच प्रभावकारी रूपमा बढाउनु पर्छ देखिन्छ ।

# अब नयाँ पुस्ता, नयाँ मानक



• सञ्जीव कार्की

चलनचल्तीको भन्दा पृथक् गतिविधि, सोच्ने तरिका, अप्रश्नीय भनिएकाहरूलाई प्रश्न गर्ने हिम्मत समाजविरोधी मानिन्छ । जे अगाडि देख्यो, त्यो नै आखिरी सत्य हो भनिएको समाजमा सत्य अर्को पनि हुन सक्छ है भन्ने खोज अपराध र कर्म र निक्रिष्ट हर्कतको रूपमा दरिन सक्छ । हरेक कालखण्डमा नवीन पुस्ताको सोच, शैली, अवधारणा र तरिका अनैतिक, अव्यावहारिक र आलोकाँचो ठान्छ, हत्तपत्त रुचाउँदैन पुरानो पुस्ताले ।
नयाँ विचार दण्डित हुने परम्परा मानव समाजमा नौलो मानिन्न, चाहे त्यो आधुनिक विश्वको वैज्ञानिक सभ्यता होस् या अन्धविश्वासी समाजको पुरानत सभ्यता प्रत्येक नयाँ पुस्ता पुरानो पुस्ताको हैरानी, ताडना र कोपभाजनबाट अभिशप्त छ । विश्व इतिहासमा यस्तै दृष्टान्त पाइन्छ । नयाँ विचारको भ्रूण हुर्काउनु पाल्नु र समाजमा स्थापित गर्नु सुगम कर्ममा दरिन्न । नयाँ विचार भ्रूणमा नै हत्या हुने खतरादेखि पुष्पित र पल्लवित हुँदा हरपल खतराको सामना गर्दै हुर्केको हुन्छ । नयाँ आगोमा टेक्ने आँधीमा उभिने, हिउँपानी र घाम ओस सबै सहने पचाउने ल्याकत राख्दै खारिनु पर्छ ।

चेप्टो भनिएको सूर्य गोलो छ भनेर २५ सय वर्षपहिले अनुमान गर्ने र प्रमाणित गर्ने ग्रिक गणितज्ञ पाइथगोरस र दार्शनिक एरिस्टोटलाई आफ्नो निष्कर्ष सुनाउन र बुझाउन हम्मेहम्मे परेको थियो । समाजले सहजै पत्याएन, बहुला कुरा भन्यो । आकाशको सूर्य हेरेर समयको अनुमान गर्ने समयमा पोप सिल्भेस्टरले सन् ९६६ मा घडीको आविष्कार गरेर समय व्यवस्थापन गर्न सजिलो बनाइदिँदा पनि चर्को विरोध गरेर समाजको लय भत्काउने अवाञ्छित गतिविधि भनिएको इतिहास पढ्न पाइन्छ ।
ईश्वर नै आदि र अन्तिम सत्य भनिएको बेला ईश्वरमाथिको हमला र वज्रपात असामान्य हिम्मतको कुरा थियो । पापी हठी अपराधी र अधर्मी देखिने चुनौती थियो । ईश्वरीय विधि र विधानका विरुद्ध आजको मान्छेको क्रियाकलाप केन्द्रित छ । आविष्कार, चिकित्सा अन्तरिक्षको खोज, विज्ञानको अनेकौं चमत्कार ईश्वर प्रतिकूल अवधारणाहरू हुन् । ईश्वरसँगको निर्भरता छोड्ने प्रथम कदम नै ईश्वरसँग मान्छेको विद्रोह र प्रगतिको यात्रा थियो । दार्शनिक फ्रेडरिक नित्सेले ईश्वर मरेको घोषणा गरे त्यो हिम्मत आजपर्यन्त गर्न मुस्किल छ । विश्वका ८ अर्ब मानिसमा १५ प्रतिशत मान्छे मात्र भौतिकवादी छन् भनिन्छ । ईश्वर एकमात्र सत्य मानिने समयमा ईश्वर मरेको घोषणालाई कति अराजकको मानियो होला ?
ईशापूर्व करिब ६०० को समयमा पूर्वीय भूमिमा वेदको निन्दा (ब्रह्म सत्य जगत् मिथ्या) गरेर भौतिक तत्वलाई (अग्नि, जल, तेज, वायु र आकाश) मात्र सृष्टिको आदितत्व र चेतनालाई विशिष्ट गुण मान्ने चार्वाक मत सम्भवतः पहिलो भौतिकवादी विचार तत्कालीन समाजका लागि विवर्जित विषय थियो । २५ सय वर्षअघि गौतम बुद्धले अवलम्बन गरेको शान्तिको मार्ग पनि कम कठिन थिएन । यसर्थ नयाँ विचार आविष्कार र नयाँ अध्याय जहिल्यै र जुनसुकै समाजले हानिकारक भनिदिन्छ । आजसम्म नयाँ पुस्ता र दस्तालाई सहजै ठाउँ छोडेको, बाटो खोलिदिएको इतिहास विरलै होला । नयाँले हामीलाई चौतर्फी घेराबन्दी गरे भन्ने गुनासो इतिहासको अध्ययनको कमीमा आएको धारणा हो । घेराबन्दी तोड्ने संकल्प र हिम्मतमात्र जायज हो । कुनै पनि विचार निरन्तर टिक्न त्यसमा खिया लाग्नु हुँदैन । विचारहरू पनि समयक्रममा भुत्ते हुन्छन्, जसलाई निरन्तर धार लाउने र खिया झार्ने, आरन र खलाँती आवश्यक हुन्छ ।

हवाईजहाज बनाउने राइट दाजुभाइको परिकल्पना सन् १९०३ को सफल परीक्षण र लगातार परीक्षणपश्चात् मात्रै मान्यता पाएको वैज्ञानिक आविष्कारले नै आज आवाजभन्दा छिटो उड्ने सुपर सोनिक हवाईजहाज बन्नेसम्मको यात्रातय भएको मानिन्छ । समाजले हरेक नयाँ परिकल्पनालाई पागलपनको संज्ञा दिन्छ । सुप्रसिद्ध दार्शनिक, राजनीतिक, अर्थशास्त्री, इतिहासकार, मार्क्सवादका प्रणेता, समाजशास्त्री कार्ल मार्क्स विचार र दर्शनको दुनियाँमा सन् १९४८ मा 'कम्युनिस्ट पार्टीको घोषणापत्र लेखेयता सबैभन्दा बढी पढिएका विरोध गरिएका विचार हुन् । विचारको सत्तामा मार्क्स जहिल्यै केन्द्रमा छन् । उनका विचारको विरुद्ध होस् या समर्थनमा विचारहरू घर्षणमा छन्, विचारकहरू घोत्लिएका घोत्लिएकै छन् । मार्क्स पनि तत्कालीन समाजको लागि अराजक नै हुन् । सर्वहारा, मजदुर, भूमिहीन र किसानका हितको कुरा गर्ने मार्क्स व्यवस्था विरोधी समाज विरोधी र सामाजिक मूल्य विरोधी मानिन्छन् । परम्परागत समाजले मूल्य दिएका मानक भत्काएर नयाँ मानवीय मानक सिर्जना गर्ने मार्क्सको दृष्टिकोण शक्ति र सत्ताको हालीमुहालीमा एकछत्र राज गरेर बस्नेको नजरमा बिझाइरह्यो, अझै सयौं वर्ष बिझाइरहन्छ ।
१९९७ सालमा मारिएका चार सपूत जसले राणाशाहीका विरुद्ध प्रजातन्त्रको बिगुल फुकेको परिणाम मारिनु पर्‍यो । २००७ सालको परिवेशमा राजनीतिमा क्रियाशील दलहरू, प्रजापरिषद् नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी समाजविरोधी अराजक र अनैतिक गतिविधिका वाहक शक्ति थिए । व्यवस्था परिवर्तनको पक्षमा क्रान्ति र आन्दोलनको पक्षमा थिए । त्यसैले उनीहरू तत्कालीन सत्ताको नजरमा आँखी हुने नै भए । २०१६ सालमा बीपी कोइरालाको मन्त्रिमण्डलमा महिला द्वारिकादेवी ठकुरानीको नियुक्ति आजको स्विट्जरल्यान्डमा महिलालाई मताधिकार दिनुभन्दा १२ वर्ष पहिलेको घटना थियो । त्यो घटना नेपाली समाजको चेतभन्दा धेरैअघि भएको कारण सहजै ग्राह्य विषय थिएन ।

राजा महेन्द्रको २०१७ सालको राजनीतिक कुपछि पनि नेपाली कांग्रेस नेकपालगायतका राजनीतिक शक्तिहरू अराष्ट्रिय तत्व भनेर प्रतिबन्धित थिए । त्यसैले २०४६ सालको परिवर्तन नआएसम्म दण्डका भागीदार बनेर, जेल गए निर्वासन गए, भूमिगत बने । २००६ सालमा लमजुङमा हलो जोत्ने अगुवाइ गरेका हरिभक्त शेषकान्त र तोयानाथहरूको (२७ बाहुनहरू) गरेको प्रतीकात्मक विद्रोह, समतावादी चेत वैषम्य समाजले पचाउन सकेन । त्यसैले परिवर्तन र विद्रोहको चेतलाई गीतमार्फत व्यंग्य गरियो । 'शेषकान्त लेप्टेन, हरिभक्त तिघ्रे, तोयानाथ पण्डित, हलो जोती बिग्रे' बाहुनले पनि हलो जोत्न हुन्छ, कुनै पनि जात कामको आधारमा निषेध र अयोग्य हुँदैनन् भन्ने अभिप्राय हलो जोत्नेहरूको देखिन्छ ।
समाजले बिग्रेको, बहुलाएको जात फालेको, अपसकुनको काम गरेको भनेर चित्रण गरेर परिवर्तनकारी चेतनालाई खिज्याएर जेल कोचेको थियो । समाजमा नयाँ विचारहरू अपच हुन्छन् । यो हरेक समयको, हरेक समाज र देशको विडम्बनायुक्त परिस्थिति हो । नयाँलाई निषेध, प्रतिरोध, हतोत्साहित पार्न सत्ताले अनेकन हथकण्डा प्रयोग गर्छ । समाजमै प्रतिकारको भाष्य निर्मित गरेर लडाउन र सामाजिक अस्वीकृतिका लागि ज्यादती गर्छ । दमन र उत्पीडनको सहारा लिन्छ । प्रतिकूल परिस्थिति निर्माण गरिदिन्छ ।
लक्ष्मीप्रसाद देवकोटाले साहित्यमा नयाँ लहर ल्याइदिए तर शासकहरू उनको चेतविरुद्ध थिए र उनी पनि बहुला बनाइए । बालकृष्ण समले आधुनिक नेपाली महाकाव्यमा परम्परगत महाकाव्य लेखनको केन्द्र कुलीन र सम्भ्रान्त नायक बनाउने चलन विस्थापन गर्दै 'चिसो चुलो' महाकाव्य २०१५ सालमा लेखे । जसमा अछुत भनिएको एक सामान्य दमाईलाई नायक बनाएर नयाँ नायकको प्रस्तावना गरेर एउटा क्रमभंग गरिदिए । यो साहित्यिक कर्मको पनि शास्त्रीयतावादीहरूले व्यापक र धुवाँदार विरोध गरे । २०६२ सालमा 'विषे नगर्चीको बयानमा' कवि श्रवण मुकारुङले पृथ्वीनारायण शाहको समकक्षता प्रदान गरेकोमा पनि विमति राखियो । शाहलाई नेपाल एकीकरणको एकलौटी जस दिएको पढेको समाजले विषेले यो राज्य मेरो पनि हो यसमा मेरा पुर्खा र सबै नेपालीको इतिहास रक्षा र इतिहास परिवर्तनको हिस्सा मागेको कविता लेख्दा अपच ठानियो ।

नयाँ विचार बोक्दैमा नयाँ हुँदैमा सबै टिक्दैनन् । कति कति नयाँ विचार नयाँ मान्छे र सोचको विलुपीकरण भएको छ । नेपालको राजनीतिक इतिहासमा प्रजा परिषद् एकादेशको कथा बन्यो । नयाँ भन्नेबित्तिकै राम्रो भन्ने भाष्य गलत छ । नयाँलाई परिक्षित नहुन्जेल शंकाको लाभ प्राप्त हुन्छ । आजसम्म यो युगमा नयाँ पुस्ताले जुन र जे जस्ता चिन्तन अघि सारेर समाजमा तरंग पैदा गरे ती सब तत्कालीन समयका लागि अराजक, अनैतिक र अयुगीन विचार थिए । त्यसैले विचारहरू उत्पादन हुन्छन्, विमर्शमा जान्छन्, ज्ञान बन्छन् र समाजमा वितरित हुन्छन् । सहज हुँदैन पुरानोलाई प्रतिस्थापन गर्न तर पुनर्स्थापित भएरै छोड्छन्, नयाँ विचार र मानकहरू । सामान्य मान्छेले परिकल्पना गरेकोभन्दा पृथक् परिकल्पना नै समाज रूपान्तरण र परिवर्तनको आजको अवस्थाको निरन्तरता हो ।

कुनै समय छाता ओढ्नेहरू दलितले छोएको खाने र सबै मान्छे समान हुन् भन्नेहरू, पत्रपत्रिका पढ्नेहरू, फिल्म हेर्ने र खेल्नेहरू रेडियो सुन्नेहरू, लभ म्यारिज गर्नेहरू, स्कुल खोल्नेहरू, आधुनिक गीत, संगीत सुन्ने र गाउनेहरू, र्‍याप गाउनेहरू, कविता लेख्नेहरू, प्रेमपत्र कोर्नेहरू, क्लब जानेहरू, डिस्को छिर्नेहरू, चर्पी बनाउनेहरू झन् घरभित्रै चर्पी बनाउनेहरू समाज भँडुवा मानिन्थे । आज पनि नयाँ पार्टी खोल्नेहरू, नयाँ चिन्तन र विचारमा काम गर्नेहरू विचार नभएका लाग्छन् । पुरानो पुस्ता नयाँ पुस्तामा जहिल्यै खोट देख्छ, पुस्तान्तरणमा भाँजो हाल्छ तर पनि सब बाधा व्यवधानलाई पन्छाउँदै नयाँ पुस्ता र दस्ता अघि जान्छ । यो समाज विज्ञानको नियम नै हो । नयाँ विचारले नैतिकता, धर्म, ईश्वर, परम्परा र संस्कृतिको पुनरावलोकन गर्दै पुनर्निर्माण र विनिर्माण गर्नुपर्छ भन्ने मत राख्छ । शास्त्रीय नैतिकता र अनैतिकताको परिभाषा बदल्न खोज्छ ।

# पूर्वाधार विकासका लागि असार पर्खनु पर्दैन



• द्रोण अधिकारी गुयेली

परिवर्तनका निकै लामा रेखाहरू पार गरेको नेपालको उन्नति सोचेअनुरूप भइरहेको छैन । मानव विकास होस् या भौतिक पूर्वाधार विकास समय अनुकूल हुन सकिरहेको अवस्था छैन । पछिल्लो समय नेपालको भौतिक पूर्वाधार विकासमा किन स्तरीय प्रगति हुन सकेन ? भन्ने प्रश्न निकै ठूलो बहसका रूपमा आइरहेको छ । सामान्य मानिसले पनि सहजै भन्न सक्छ, नेपालको भौतिक पूर्वाधार विकासको बाधक नीति र नेतृत्व बीचको तालमेल अभाव सवैभन्दा ठूलो अवरोध हो । नीतिले समयमै काम हुने निर्देशन जारी गर्छ भने नेतृत्वले आफू अनुकूल र व्यक्तिगत लाभमा केन्द्रीत विकासका गतिविधिमा जोड दिइरहेको देखिन्छ । यसले गर्दा विकासका काम स्तरीय हुनेभन्दा भ्कारो टार्ने शैलीमा अगाडि बढिरहेको प्रष्ट देखिन्छ । हरेक वर्ष बजेट निर्माणसंगै भौतिक पूर्वाधार विकासका लागि तोकिएर रकम छुट्याइन्छ । साउनबाट सुरू हुने आर्थिक वर्षको खर्च गर्न पाउने अधिकार भौतिक पूर्वाधारका क्षेत्रमा आइपुग्दा बैशाख जेठमा स्थलगत कामको प्रारम्भ बन्न पुग्छ । अभ्क प्रष्ट भन्दा रकम खर्च गर्ने अन्तिम किस्ताको समयमा विकास निर्माणको प्रारम्भ र अन्त्य गर्ने प्रचलन निरन्तर स्थापित जस्तै छ । यस्तो कार्य विकास नभएर भ्कारो टार्ने खेल मात्र भन्न सकिन्छ । यस्तै कारणले गर्दा नेपालको भौतिक पूर्वाधार विकास पछाडि परेको हो । समय सकिने बेलामा कामलाई तीव्रता दिने तर समय रहुञ्जेल ख्याल नगर्ने ठेकेदारी प्रथालाई नेतृत्वले संरक्षण गर्दा कमसल पूर्वाधार बनिरहेका छन् । विकासका काममा लगानीअनुरूप प्रतिफल प्राप्त हुन सकिरहेको छैन । हाम्रो समाजमा परम्परादेखि सुन्दै आएको हिन्दू दर्शनमा बहुप्रचलित एउटा कथन छ–एक महात्माले शिष्यहरूलाई वरिपरि राखेर भनेछन्, 'एउटा यस्तो वाक्य बताऊ, जुन दुःखी मानिसले सुन्दा खुसी बनोस् र खुसी मानिसचाहिँ




उदास बनोस् ।' शिष्यहरूले बताउन सकेनन् । महात्माले भनेछन् 'दुःख र सुख दुवै अस्थायी हुन्छन् । त्यसैले त्यो वाक्य हो- यो समय सधैं यस्तै रहँदैन ।' यो शाश्वत वचन नेपाली राजनीतिले मनन गरेर अगाडिको यात्रा तय गर्नु पर्ने हो । यद्यपि राजनीतिक समय भनेको अनिवार्य बदलिने भित्ताको पात्रो जस्तो विल्कुल हुँदैन । यसलाई बदल्न सूत्र जरूरी हुन्छ । संकल्प, दृष्टिकोण, एकता, सामूहिक चाल, मिहिनेत, त्याग र अन्तरविश्वास अनिवार्य छ । त्यसबाट शक्ति हासिल गरेर आत्मविश्वासलाई उचाइमा र अन्तरविश्वासलाई गहिराइमा जब राजनीतिले पुर्‍याउने अठोट गर्छ, तब देशले विकासको गति लिन्छ । आज पनि राजनीतिले सही गति नलिएकै कारण विकास आयोजनाका काम असारे भ्करीमा तीव्र छन् । दशकौंदेखिको यस समस्याले नेपालको विकास कागजमा जति राम्ररी भएको छ व्यवहारमा उतिनै कमजोर अवस्थामा छ । माथिको कथनले भनेभैं समय सधैं उस्तै रहँदैन भन्ने भाव असारे विकास गर्ने राजनीतिले बुभ्केन । कार्तिकदेखि बैशाखसम्म सुनसान हुने विकासका काम जेठको रापतापको घामसँगै क्रमशः तीव्र हुन थालेपछि असारमा भ्याइ नभ्याइ गतिमा विगतदेखि वर्तमानसम्म उस्तै छ । समय निरन्तर परिवर्तनशील छ अनि त संसारले सजिलै उन्नति गरिरहेको हो भन्नेसम्म राजनीतिले बुभ्केको छैन ।

विगतभन्दा वर्तमान अन्तर रहेको उदाहरण नेपाली राजनीतिक संरचनामा आएको आमूल परिवर्तनलाई हेर्दा पनि थाहा हुन्छ । एकात्मक राज्य संरचनाबाट संघीय संरचनामा रूपान्तरण समयले ल्याएको परिवर्तन हो । संघीय लोकतान्त्रिक राजनीतिको मर्म र धर्म बुझ्न सत्ता राजनीतिमा पदासीनहरूलाई निकै समय लागिसकेकाले अहिलेसम्म अभ्यासकाल नै चल्दैछ । तर, कतिपय समयका कतिपय घटनापरक विषय हेर्दा र निरूपण गर्दा उनीहरूमा यो व्यवस्था फैलने गरी 'चिल्लो पात' देखिंदैन । पार्टीमा चलखेल गर्दाकै मानसिकता विद्यमान पाइन्छ -'भदौमा आँखो फुटेको गोरू सधैं हरियै देख्छ' भने भैं संघीय लोकतान्त्रिक व्यवस्थाको विभिन्न तहको जिम्मेवारीलाई आफ्नो पार्टीको अनुभव र आदर्श लादेर 'सबैको हुन'-बाट मोड दिइरहेको पाइन्छ । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका यस्ता क्रियाकलापले आम अपेक्षाको पूर्ति संभव हुँदैन । यसैको परिणाम हुन सक्छ व्यवस्था विरोधीको जमात बढिरहेको छ । यो अनुभूति मेलैसित सबै तप्का र तहका नागरिकमा संक्रमण हुँदै जानु नै लोकतन्त्रका हकमा सबैभन्दा ठूलो चिन्ताको विषयमा पुगेको छ । स्थानीय सरकारको मर्यादा पाएका स्थानीय तहहरूमा कहीं-कतै कुनै पनि विकृतिले अलिकति टाउको उठायो भने त्यो धरातलीय जनताका आँखामा सिधा पर्छ र बिभ्काउँछ । यो सत्यलाई स्थानीय तहमा जनताबाट चुनिएर निर्णायक कुर्सीमा पुगेकाहरूले आत्मसात गरेनन् भने सिङ्गो संघीय लोकतन्त्रलाई जनताले फोस्रो नारा मात्र मान्नुपर्ने दुर्दिन पनि आउन सक्तछ । प्रदेश र संघीय सरकारमा बसेकाहरूले पनि यस भावना बुभ्केर 'जनताका आँखामा बिभ्काउने' भनेको के भन्नेसम्म त अधिकारमा पुगेका जननिर्वाचितहरूले बुभ्केकै हुनु पर्दछ । जनताका आँखा र मनमा बिभ्काउने क्रियाकलापले निरन्तरता र क्रमिक विकास पायो भने त्यो देशको संघीय लोकतान्त्रि राज्यव्यवस्थाका लागि नै दुर्भाग्यपूर्ण हुनेछ । 'लोक' शब्द 'आम जनता'-को पर्याय हो र लोकको कल्याण गर्ने तन्त्र संयुक्त भई 'लोकतन्त्र' शब्द बनेको हो । यसर्थ लोकतान्त्रिक अभ्यासद्वारा लोकको अपेक्षालाई उपेक्षा गर्ने क्रियाकलाप लोकतन्त्रका प्रयोगकर्ताहरुबाटै भयो भने त्यो आत्मघाती सिद्ध हुन्छ । नेपाली भौतिक पूर्वाधार विकासको वर्तमान चित्रले लोकतान्त्रिक आचरण र भावना समेट्न नसक्नु आजको दुर्दशा बुभ्कन सकिन्छ । आर्थिक वर्षको लामो समयसम्म काम नगर्ने र समय घर्किएपछि बजेट खर्च गर्ने सरकारी प्रवृत्ति हरेक वर्ष दोहोरिरहेको छ । चालू आर्थिक वर्ष सकिन यही महिनामात्रै बाँकी रहँदा हरेक वर्ष सरकारी निकाय धमाधम बजेट सक्ने ध्याउन्नमा रहन्छन् । खासगरी विकासे अड्डाहरुमा बजेट सक्ने चटारो रहने गर्छ । त्यसैकारण अहिले भ्करीकै बीच धमाधम सडक निर्माण र मर्मत लगायतका विकासका काम तीव्र गतिमा भइरहेका छन् । यो क्रम असार महिनाभरि नै जारी रहन्छ । ग्रामीण क्षेत्रमा डोजर र स्काभेटरले सडक खनिरहेका छन् भने शहरहरूमा भत्किएका र कच्ची सडकहरूको धमाधम कालोपत्रे हुँदैछ । सहज समयमा विकास निर्माणका काम गरिदैनन् तर आर्थिक वर्षको अन्त्यतिर वजेट सक्न असहज समयमा विकासका काम गर्ने परम्परा पञ्चायतकालदेखि अहिलेसम्म उस्तै छन् । यो सवै राजनीतिले ल्याउन नसकेको परिवर्तनको मुहार हो । राज्य सञ्चालनको जिम्मेवारीमा पुगेकाहरूले अहिलेसम्म समय उस्तै र उही रूपमा रहँदैन भन्ने भाव नै बुभ्कने प्रयास गरेनन् । परिवर्तनका नारा त लगाए व्यवहारमा परिवर्तन गर्न सकेनन् । त्यसैको परिणामस्वरूप आज पनि असारे विकास मौलाइरहेको छ । विगतको केन्द्रीकृत शासन शैली नेताको हैकमवादमा आश्रित थियो । त्यसैकारण नागरिकले रगत र पसिना बगाएर संघात्मक राज्य व्यवस्था ल्याएका हुन् । तर आज पनि नीति, विधि र प्रकृयाभन्दा नेता बलियो हुने अवस्था जिउँदो छ । असारे विकास यसैको परिणाम हो । जहाँबाट देश र जनताको पक्षमा भन्दा नेता र ठेकेदार, कर्मचारीको भलाईमा विकासका काम भइरहेका छन् । पछिल्ला वर्षहरूमा विकास वजेट देशबाट उठेको राजश्वले नभएर वैदेशिक ऋणबाट चलिरहेको अवस्था छ । ऋण लिएको रकम समेत सदुपयोग नहुनु विडम्बना हो । अर्थतन्त्र शिथिल छ भनेर फलाक्नेहरू आफैले सत्ता हत्याउँदा पनि विधि र प्रकृयामा अर्थतन्त्रलाई हिडाउन लागेका छैनन् । साधारण खर्च र विकास खर्चको गति सामान्य बनाउन नसक्ने अनि असामान्य परिस्थितिबाटै मनोमानी गर्ने कार्य असारे विकासका रूपमा चलिरहेको स्पष्ट छ ।

विगत केही वर्ष अगाडिसम्म विकासका लागि दातृ निकायको स्वार्थ बोकेर वैदेशिक अनुदान प्रशस्त आउँथ्यो । कोरोना कालपछि विस्तारै वैदेशिक सहायता घट्दै गयो । देशको राजश्वमा निर्भर अर्थतन्त्र चल्नु पर्ने बाध्यता आइलागेपछि राज्य सञ्चालनका लागि वैदेशिक ऋणको भर निकै बढ्न गएको छ । त्यसरी लिएको ऋणलाई समेत सरकारका मान्छेले देश र जनताका लागि कम अनि आफू र आफन्तका लागि ज्यादा फाइदाको रूपमा प्रयोग गरिरहेको अवस्था छ । यस कार्यले गर्दा नेपालको भौतिक पूर्वाधार विकास कमसल बन्न बाध्य छ । समयमा काम नगराइने अनि समय घर्केपछि कामलाई तीव्रता दिएर भुक्तानी लिने प्रचलन सरकारी शक्तिकै आडमा भइरहेको छ । यही प्रवृत्ति हरेक वर्ष असारे विकासका नाममा देशव्यापी बदनाम पनि बढिरहेको छ । त्यही पनि यस्तो खराव प्रवृत्ति रोक्न कुनै शासक, प्रशासक अगाडि आएको भेटिदैनन् । भौतिक पूर्वाधारको विकासका लागि काम गर्ने हो भने असार पर्खनु पर्दैन । असार पर्खनु भनेको कामका लागि काम उन्नतिका लागि बदनाम कमाउनु मात्र हो । छाता ओढेर गरिएको पूर्वाधार निर्माण विकास नभएर विनास मात्र हो भन्दा फरक पर्दैन ।

## लागूऔषध...

उतार गर्न सक्ने रणनीतिक गुरुयोजनाको तालमेल नहुनु आफैमा दुःखद छ ।

राष्ट्रिय ,अन्तर्राष्ट्रिय नारालाई सार्थकता प्रदान गर्न लागूऔषध नियन्त्रण , न्यूनीकरणका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले गुरुयोजना बनाइ कार्य गर्न आजको आवश्यकता रहेको देखिन्छ ।

**लागूऔषध नियन्त्रणका लागि गर्नु पर्ने कार्यहरु :-**

- सक्षम जनशक्ति कुनै पनि देशको विकासको साधन र साध्य दुवै हुन्। सभ्य र सदाचारी समाज व्यक्तिका लागि व्यक्तिले नै बनाउन सक्छ ।
- भ्रामक विचार र वस्तु दुवै घातक हुने हुँदा भ्रम सिर्जना गर्ने,प्रदूषित विचार निर्माण हुने वस्तु र भ्रष्टाचार , अनैतिकता, व्यभिचार तथा अन्य अपराधमा बिच अन्योन्याश्रीत सम्बन्ध हुने हुनाले लागूऔषध दुर्व्यसन रोकथाम तथा नियन्त्रणको प्रयास ऐन-कानुन,नीति, कार्यक्रम बजेट मात्र होइन, आत्मानुभूतिको विषय पनि हाम्रो प्राथमिकतामा हुनु पर्छ ।
- लागूऔषध नियन्त्रण कार्यक्रमको विगतका सिकाइ र भोगाइका आधारमा आफ्नो विशिष्टताअनुरुप मौलिक एवम् वस्तुनिष्ठ कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक देखिएको छ ।
- कक्षा ६ देखि नै विद्यालयका पाठ्यक्रममा स्थानीय विषय, कला,संस्कृति, सभ्यता, भाषा, नैतिकता तथा दुर्व्यसनबाट हुने हानि - नोक्सानी क्षतिका बारेमा समेटिएको पाठ्यक्रम आवश्यक छ। लागूऔषध नियन्त्रणका दण्ड सजायको बारेमा विद्यालयका बालबालिकालाई ज्ञान दिनुपर्छ ।विद्यालयका विषयगत शिक्षकलाई प्रशिक्षित गराई जिम्मेवारी तोक्नु आवश्यक छ ।
- आपूर्ति नियन्त्रणका लागि नेपाल प्रहरी , सशस्त्र प्रहरीलाई दक्ष जनशक्ति तयार गरी सीमामा खटाउने साथै नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्युरोको इकाई प्रत्येक जिल्लामा विस्तार हुनुपर्छ ।
- मदिरा विक्री वितरण व्यवस्थित गर्न वा मदिरा प्रयोगलाई मदिरा ऐन २०३१ अनुसार कार्यान्वयन एवम् प्रयोगलाई निरुत्साहित गर्ने, नेपाल भारत सीमाको १ किलोमिटरभित्र विक्री वितरण गर्न त्यस्ता पसल स्थापना हुन नदिने ,सरकारी , गैरसरकारी संघ संस्था, कार्यालय, मठमन्दिर ,विद्यालयको १०० मिटरभित्र त्यस्ता वस्तु सेवन वा विक्री वितरणमा पूर्णरुपमा प्रतिवन्ध गरी नमुना स्थानीय तहको स्थापना गरिनु पर्छ ।
- सुर्तिजन्य पदार्थ , मदिराजन्य पदार्थ दुर् व्यसनको पहिलो खुड्किलो भएको हुदा सुर्तिजन्य, मदिराजन्य पदार्थको विज्ञापन होडिङ बोर्ड राख्ने, जथाभावी विक्री वितरण सेवन गर्न प्रतिबन्ध गर्नुका साथै सुर्ति नियमन ऐन २०६८ र निर्देशिका २०७१ लाई अक्षरश पालना गर्ने गराउने सरोकारवाला कार्यालय,, मन्त्रालय , विभागलाई जवाफदेहि बनाउने ।
- लागूऔषध प्रयोगकर्ताको अवस्था र लागूऔषधको प्रभावबारे आवधिक रुपमा राष्ट्रिय सर्वेक्षण र स्थानीय तहगत सर्वेक्षण गर्ने।
- लागूऔषधको माग घटाउनका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्ने , जस्तै- आमा समूह, स्वयम्सेविका, स्वास्थ्यकर्मी ,समुदायका अगुवा व्यक्ति, महिला दिदिबहिनी, युवायुवती,बाल क्लब, युवा क्लब, दबाव समूह, सामाजिक संघ संस्थाहरुलाई लागूऔषध दुर्व्यसनविरुद्ध विज्ञद्वारा सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सबैलाई परिचालित गर्ने,तथ्याङ्क सङ्कलन गर्ने ।
- समुदायको सहयोग तथा समन्वयमा आश्रय केन्द्र ( Drop in Centre) तथा बाह्य परामर्श ( Outreach) कार्यक्रम सञ्चालन गर्नुको साथै दौंतरी शिक्षा ( Peer Education) मार्फत लागूऔषध दुर्व्यसनविरुद्ध चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।पूर्व लागूऔषध प्रयोगकर्ताहरु परिचालन गरि प्रयोग गरिरहेका प्रयोगकर्तालाई उपचारमा जान उत्प्रेरित गर्न आवश्यक परामर्श दिनुपर्छ ।
- लागूऔषध प्रयागकर्ताप्रति समुदाय वा कानुन कार्यान्वयन गर्ने निकायको दृष्टिकोणमा परिवर्तन ल्याउन आवश्यक अभिमुखीकरण, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- सडक बालबालिकालक्षित कार्यक्रम सञ्चालन गर्नु पर्दछ।
- लागूऔषध प्रयोगकर्ताहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ,अस्पतालहरुमा पूर्व लागूऔषध प्रयोगकर्ताहरुको समेत प्रतिनिधित्व हुनेगरि आवश्यकता अनुसार छुट्टै संयन्त्र निर्माण गर्नु पर्छ ।
- स्थानीय अस्पतालहरुमा छुट्टै डिटक्सिफकेसन युनिट सञ्चालन गरि आवश्यकता अनुसार लागूऔषध प्रयोगकर्ताहरुको उपचारको लागि छुट्टै शैंयाको व्यवस्था गर्नु पर्दछ ।
- नेपालका कारागारलाई सुधारगृहको रुपमा लिई बन्दीगृहमा रहेका महानुभावहरुलाई लागूऔषधको असर, परिणाम,क्षति सबै समेटेर सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- बन्दीगृहभित्र योग,ध्यान शिविर, खेलकुद, उत्प्रेरणात्मक कक्षा सञ्चालन गर्दै सीप तालिम सिकाई उनीहरुको सीपलाई उद्योगसँग जोड्ने बजाको व्यवस्था मिलाउने। उनीहरुको मनोसामाजिक ( psycho social) धारणामा परिवर्तन ल्याउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
- लागूऔषधको उत्पादन, विक्री वितरण, ओसार पसार र प्रयोग रोक्न आवश्यक सबल कानुन र पर्याप्त जनशक्तिसहितको बलियो राष्ट्रिय संयन्त्र निर्माण गर्नुपर्ने ।
- लागूऔषध ओसार पसार र प्रयोग रोक्न तालिम, प्रशिक्षण प्रदान गरि कानुनको कार्यान्वयन गर्न- गराउन सुरक्षा निकायलाई मजबुत बनाउनु पर्ने ।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबिच लागूऔषध नियन्त्रण कार्यक्रम सञ्चालन समन्वय बढाउनु पर्ने ।
- राजनीतिक दल , भ्रातृ सङ्गठन गैरसरकारी संघ- संगठनसँग समेत समन्वय गरी लागूऔषध नियन्त्रण गर्न क्षेत्रगत नीति र कार्यक्रममा आबद्धता गराउनु पर्ने ।
- सीमा काउण्टर पार्टसँग बैठक, छलफल गरि आवश्यक योजना तर्जुमा गरि कार्यान्वयन गर्नु पर्ने ।
- समुदाय स्तरका संघ संस्थालाई लागूऔषध दुर्व्यसनविरुद्ध सचेतना तथा न्यूनीकरण ,नियन्त्रण कार्यमा परिचालन गर्नुपर्ने ।
- पूर्व लागूऔषध प्रयोगकर्ताहरुलाई उनीहरुको ज्ञान ,प्रयोगशैली र अनुभवलाई समेत ध्यानमा राखी परिचालन गर्ने ।
- लागूऔषधको क्षेत्रमा क्रियाशील तथा विज्ञता हासिल गरेका व्यक्तिहरुसँग समन्वय गरि तीनै तहका सरकारहरुले विज्ञ परामर्शदाताको व्यवस्था गर्नु पर्ने ।
- लागूऔषधको क्षेत्रमा कलम चलाउने प्राज्ञ, विज्ञ , अभियन्ता , पत्रकारहरुलाई कदर गर्ने, हौसला प्रदान गर्न पुरस्कृत गर्ने, सम्मान गर्ने आदि ।

तसर्थ नेपाललाई लागूऔषध कारोवार र सेवन ( दुर्व्यसन ) को हवबाट मुक्त बनाउन माथि उल्लेखित कार्यलाई गुरुयोजना बनाएर लागू नगरिएमा राष्ट्रिय , अन्तर्राष्ट्रिय नाराहरु केवल नारा र वर्षको एक दिन जुन २६ अर्थात असार १२ गते दुर्व्यसनको पर्वको रुपमा मात्र सीमित हुने छ ।युवा पिढी फस्दै जाने छन् , लागूऔषध नियन्त्रण र न्यूनीकरणका लागि बनाइएका ऐन नियम कानुनलाई कार्यान्वयन तदारुकता नदेखाइ बन्द दराजमा निर्जिव अक्षरमा सीमित राखे दुर्व्यसन रोक्न न्यूनीकरण गर्न सकिन्न । कनिका छराइका कार्यक्रम केवल कार्यक्रम त होलान् तर त्यसले यसको न्यूनीकरणमा कुनै असर पार्ने छैन । "स्वस्थ्य सभ्य र सुरक्षित समाजको प्रतिवद्धता : लागूऔषध दुरुपयोगविरुद्ध ऐक्यवद्धता " यस वर्षको नारालाई सार्थकता प्रदान गरौ, लागूऔषध तथा दुर्व्यसनको हवबाट नेपाललाई मुक्त बनाऔं।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्भ्कनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), भ्कापा, अदुवा खोला छेउ**

# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**भ्कापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।